मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

चाडपर्वको नाममा फजुल खर्च नगरौं, चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

◆ वर्ष : २६ ◆ अङ्क : २९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज ११ गते सोमवार (Monday, September 27. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## क्यानडामा काममा लगाइदिने भन्दै ठग्ने पक्राउ



**झापा, असोज १०।** महानगरीय अपराध महाशाखाले क्यानडामा फुड प्याकेजिङमा जागिर लगाइदिने भन्दै ठगी गरेको आरोपमा दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पथरी शनिश्चरे नगरपालिका-१०का ३६ वर्षीय नगेन्द्र विश्वकर्मा र सुनवर्षी नगरपालिका-८ बस्ने ३७ वर्षीय प्रवेज आलम रहेका छन् । उनीहरुले पीडित झापा कमल गाउँपालिका-६ घर भइ काठमाडौं बानेश्वर बस्ने आशिष काफ्लेलाई क्यानडामा फुड प्याकिङको लागि मासिक तलब २ लाख २५ हजारमा जागिर लगाइदिने भन्दै आइएमइ र सिटी एक्सप्रेसमार्फत तीन लाख पठाउन लगाइ ठगी गरेको प्रहरीको दाबी छ ।

पक्राउ परेका उनीहरु दुवै जनालाई ठगी सम्बन्धी कसूरमा आवश्यक कारबाहीको लागि प्रहरी परिसर काठमाडौंमा पठाइएको अपराध महाशाखाले जनाएको छ ।

### ३३ किलो सुन प्रकरण

## २२ जना अझै फरार

**काठमाडौं, असोज १०।** साढे ३३ किलो सुन प्रकरणमा मोरङ जिल्ला अदालतमा अन्तिम सुनुवाइ शुरू भएको छ ।

साढे ३३ किलोग्राम सुन प्रकरणमा २०७४ फागुन १८ गते मोरङको उर्लाबारी-१ मा सनम शाक्यको हत्यासमेत भएको यो घटनाबारे बहस शुरू भएको हो । जिल्ला अदालत मोरङले आइतवार आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी पैठारी र चोरी निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दाको बहस शुरू भएको जनाएको छ ।

मोरङ उर्लाबारीका सनम शाक्य हत्या र साढे ३३ किलो सुन हराएको विषयमा अनुसन्धान गर्ने क्रममा खुलेको ३८ क्वीन्टल सुन तस्करी मुद्दाको सुनुवाई न्यायाधीश भरत लम्सालको इजलासमा भइरहेको छ ।

उक्त मुद्दामा बेनु श्रेष्ठसमेत ६३ जना, रेवत भन्ने रेवन्तकुमार आचार्य, सम्बिर प्रेतोलोङसमेत २ जना तथा सञ्जय खेतान भन्ने प्रभात अग्रवाललाई विपक्षी बनाइएको छ । मुद्दामा सनम शाक्यका दाजु सञ्जीव शाक्यको जाहेरीमा सरकारी वकिल कार्यालय पक्ष रहेको छ ।

सो मुद्दामा १७ अर्ब एक करोड ८० लाख ७१ हजार ४ सय रूपैयाँ बराबरको करिब ३८ क्वीन्टल सुन अवैध रुपमा आयात गरिएको दाबी गरिएको छ । सुन तस्करी मुद्दाका प्रतिवादीमध्ये २२ जना अझै फरार छन् । प्रहरीले पक्राउ गरेका र अदालतमा आफै हाजिर भएका ५५ जनामध्ये अधिकांश धरौटीमा छुटेका छन् ।

### नेकाको १४ औं महाधिवेशन

# ११ पालिकामा निर्वाचन, ४ सर्वसम्मत

**झापा, असोज १०।** नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत झापाका १५ पालिकामध्ये ११ पालिकामा नेतृत्व चयनका लागि निर्वाचन सम्पन्न भएको छ। चार स्थानीय तहमा नेतृत्व सर्वसम्मत चयन भए पनि सहमति नजुट्दा ११ पालिकामा निर्वाचन भएको हो ।

शनिवार भएको पालिकास्तरीय अधिवेशनबाट कचनकवल, बुद्धशान्ति र हल्दिबारी, झापा गाउँपालिकामा निर्विरोध समिति चयन भएको थियो भने बाँकी पालिकामा निर्वाचनबाट पदाधिकारीको टुङ्गो लागेको हो । कचनकवलमा तुलाराम अधिकारी, हल्दिबारीमा गंगा प्रसाईं, झापामा सागीरथ गणेश, बुद्धशान्ति गाउँपालिकामा चक्र शेर्माको नेतृत्वमा कार्यसमिति निर्विरोध निर्वाचित भएको छ ।

निर्वाचन प्रक्रियाबाट बिर्तामोड नगरपालिकामा भोजराज सिटौला नेतृत्वको प्यानललै निर्वाचित भएको छ । उनले कूलप्रसाद संग्रौलाको टिमलाई पछि पारेका हुन् । सिटौलाले संग्रौलालाई ४३ मतान्तरले पराजित गरे । सिटौलाले १५९ मत प्राप्त गर्दा संग्रौलाले ११६ मत प्राप्त गरेका छन् । सिटौला बिर्तामोड-३ का वडाध्यक्ष हुन् भने संग्रौला ४का वडाध्यक्ष हुन् ।

नगरको उपसभापति पदमा सूर्यप्रसाद कन्दङ्वा र राजकुमार राजवंशी निर्वाचित भएका छन् । कन्दङ्वाले १७३ मत प्राप्त गरे भने राजवंशीले १३६ मत प्राप्त गरेका छन् । सचिव पदमा उत्तम खनाल १३५ मत ल्याउँदै निर्वाचित भए भने १५३ मत ल्याउँदै दिवाकर प्रसाईं सचिव पदमै निर्वाचित बने । सहसचिव पदमा रमेश चौधरी र दिनेश पराजुली निर्वाचित बनेका छन् । चौधरीले १६६ मत प्राप्त गरे भने पराजुलीले १४७ मत प्राप्त गरेका छन् ।

बाह्रदशी गाउँपालिकामा इन्द्र बस्नेत निर्वाचित भएका छन् भने अर्जुनधारामा हेमराज खरेल निर्वाचित भएका छन् । अर्जुनधाराका बाँकी पदमा सर्वसम्मत नेतृत्व चयन भएको थियो । खरेलले २७ मत अन्तरले आफ्ना प्रतिष्पर्धी भीष्म मिश्रलाई पराजित गरेका छन् । खरेल दोस्रो कार्यकालका लागि सभापति पदमा बिजयी भएका हुन् ।

अर्जुनधारा-९का भीष्म मिश्र र अर्जुनधारा-५का हेमराज खरेलको सभापतिमा उम्मेदवारी परेको थियो । अर्जुनधारामा २४८ मतमध्ये २४० खसेको थियो । खरेलले १३१ र मिश्रले १०४ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । ५ मत बदर भएको पार्टीका नगर सहसचिव सञ्जीव पौडेल (इशान)ले जानकारी दिए ।

यसअघि नगर उपसभापतिद्वयमा भेषराज भण्डारी प्रशान्त र चतुर्भुज काफ्ले, सचिवद्वयमा इन्दिवर खड्का र मेदनी गुरागाँई तथा सहसचिवद्वयमा सञ्जीव पौडेल

| पालिका | बिजयी सभापतिहरु |
|---|---|
| बिर्तामोड नगरपालिका | भोजराज सिटौला |
| अर्जुनधारा नगरपालिका | हेमराज खरेल |
| मेचीनगर नगरपालिका | सुवेशकुमार पनेरु |
| कनकाई नगरपालिका | दुर्गा प्रसाई |
| शिवसताक्षी नगरपालिका | अशोक बस्नेत |
| दमक नगरपालिका | प्रकाश प्रसाई |
| गौरादह नगरपालिका | यादव सेढाई |
| भद्रपुर नगरपालिका | राम कँडेल |
| बाह्रदशी गाउँपालिका | इन्द्र बस्नेत |
| कचनकवल गाउँपालिका | तुलाराम अधिकारी |
| झापा गाउँपालिका | सागीरथ गणेश |
| हल्दिवारी गाउँपालिका | गंगा प्रसाईं |
| बुद्धशान्ति गाउँपालिका | चक्र सेर्मा |
| कमल गाउँपालिका | बुद्धिराज न्यौपाने |
| गौरीगञ्ज गाउँपालिका | आग्नुप्रसाद राजवंशी |

(इशान) र निरज ढकाल निर्विरोध भइसकेका थिए । यसअघि भीष्म मिश्र साविक शनिश्चरे गाविसका पार्टी सभापति हुन् भने हेमराज खरेल साविक शनिअर्जुन नगरपालिकाका लागि सभापति तथा अर्जुनधारा नगरपालिकाका लागि पार्टी संयोजक हुन् ।

कोषाध्यक्ष पदमा भने नगर समितिको पहिलो बैठकले मनोनित गर्ने पार्टीको प्रावधान रहेको जनाइएको छ । यस्तै, ५७ जना नगर सदस्य पनि सर्वसम्मत भएका थिए ।

बाह्रदशी गाउँपालिकामा बस्नेत नेतृत्वको टिमले जीत हासिल गरेको छ । बस्नेतले आफ्ना निकटतम् प्रतिष्पर्धी टंक साहलाई पछि पारेका हुन् । बस्नेतले १०१ मत ल्याएर बिजयी हुँदा उनका प्रतिस्पर्धी साहले ५८ मत प्राप्त गरेका थिए । सदस्य पदमा सर्वसम्मत भए पनि अध्यक्ष लगायत पदाधिकारीमा निर्वाचन भएको थियो । निर्वाचनको पछिल्लो मत परिणाम अनुसार उपसभापति पदमा पञ्चानन राजवंशी र सुशीला ढुङ्गेल निरौला निर्वाचित भएका छन् ।

त्यस्तै सचिवमा टंकबहादुर कार्की र दिनेश थापा निर्वाचित भएका छन् । सहसचिवमा भने लखिराम किस्कू र किशनलाल साह निर्वाचित भएका छन् । बस्नेत कृष्णप्रसाद सिटौलाको समूहबाट उठेका थिए भने साह भगिरथ पोद्दारको समूहबाट उठेका थिए । ४२ सदस्यीय गाउँ कार्य समितिका सदस्य पदहरुमा भने सर्वसम्मत भएको थियो ।

दमक नगरपालिकामा सभापति पदमा प्रकाश प्रसाई निर्वाचित भएका छन् । सहायक मतदान अधिकृत



गिरीराज भट्टराईका अनुसार उपसभापति पदमा प्रेम भट्टराई र युवराज खनाल, सचिवमा रामचन्द्र अधिकारी र दिपेश दाहाल निर्वाचित भएका छन् । सहसचिवमा भने रधुनाथ चापागाँई र मणिकुमार लिम्बू निर्वाचित भएका छन् ।

यता कमल गाउँपालिकामा बुद्धिराज न्यौपाने र खगेन भण्डारीले ६५/६५ मत ल्याएर बराबरी भएको छ । बराबरी मत पाएपछि गोलाप्रथाबाट निर्णय गरिएको मतदान अधिकृत कुमार खतिवडाले बताएका छन् । गोलाप्रथावाट बुद्धिराज न्यौपाने बिजयी भएको बताइएको छ । खतिवडाका अनुसार उपसभापतिमा केदार कटुवाल र पदम निरौला, सचिवमा देवीप्रसाद दाहाल र महेन्द्र वुढाथोकी तथा सहसचिवमा दुर्गाप्रसाद पोखरेल र सविता दाहाल कटुवाल निर्वाचित भएका छन् ।

कनकाई नगरपालिकामा भने सभापति पदमा दुर्गा प्रसाई निर्वाचित बनेका छन् । उपसभापति पदमा सन्तोषकुमार रायमाझी र सूर्यकुमार थापा निर्वाचित भए । सचिवमा दीपक खतिवडा र रेणुप्रसाद कँडेल निर्वाचित भए भने सहसचिव पदमा उदीप दाहाल र धर्मलाल राजवंशी निर्वाचित भएका छन् ।

त्यस्तै गौरीगञ्ज गाउँपालिकामा सभापति पदका लागि आग्नुप्रसाद राजवंशी निर्वाचित भएका छन् । उपसभापति पदमा भने टीकनारायण राजवंशी र धिरज रिमाल निर्वाचित भए । त्यस्तै सचिव पदमा गोपालप्रसाद ताजपुरिया र हरिलाल यादव तथा सहसचिव पदमा भोला राजवंशी र राजेन्द्रकुमार ताजपुरिया निर्वाचित भएका छन् ।

गौरादह नगरपालिकामा भने सभापति पदमा यादव सेढाई निर्वाचित बनेका छन् । उपसभापति पदमा कुन्दन गिरी र मेघराज अधिकारी निर्वाचित भए । सचिवमा भने माधब कोइराला र नेत्र खड्का निर्वाचित बने । सहसचिवमा भने उपेन्द्र ढुंगाना र ओमकुमार धमला निर्वाचित भएका छन् ।

मेचीनगरको सभापति पदमा सुदय पनेरु निर्वाचित भएका छन् । सभापति पदमा पनेरु र नवीन बराल उम्मेदवार थिए । उपसभापतिमा धनकाजी खत्री र योगेन थापा मगर निर्वाचित भएका छन् । त्यस्तै सचिवमा मुकेश लिम्बू र मनोज घिमिरे निर्वाचित भए भने सहसचिवमा टीका धमला र बिजय भट्टराई निर्वाचित भएका छन् ।

भद्रपुर नगर समितिको सभापतिमा रामबहादुर कँडेल निर्वाचित भएका छन् । उनी ६१ मत ल्याई बिजयी भएका हुन । उनका प्रतिस्पर्धीहरु मदनबहादुर बस्नेतले ५३, बन्धु कार्कीले ५१, भरत प्रसाईंले ५० र ज्ञानबहादुर चौहानले १२ मत प्राप्त गरेका छन् । दुई सचिव पदमा अनिता रिजाल र उत्तम कोइराला निर्वाचित भएका छन् । रिजालले १३४ र कोइरालाले १२१ मत ल्याएका छन् । उनीहरूका प्रतिष्पर्धीहरु दूर्योधन कार्कीले ६०, टेकबहादुर पाण्डेले ७२ र सन्तकुमार राजवंशी (सन्तोष)ले ३४ मत प्राप्त गरेका छन् । त्यस्तै सहसचिव दुई पदमा नन्दलाल राजवंशी र मणिकुमार राई निर्वाचित भएका छन् । राजवंशीले १४४ र राईले ११० मत ल्याएका छन् । उनीहरूका प्रतिष्पर्धीहरु दीपेशकुमार साहले ८१ र सन्तोष थापाले ७४ मत प्राप्त गरे ।

भद्रपुर-८स्थित एनसीडिसी भवनमा सभापति, सचिव र सहसचिव पदका लागि आइतबार भएको निर्वाचनमा २३९मध्ये २२९ जनाले मतदान गरेका थिए । त्यसमध्ये एउटा मत बदर भएको मतदान अधिकृत मञ्जु दाहालले जानकारी दिइन् । यता उपसभापति पदमा शनिवार नै दुई जना निर्विरोध निर्वाचित भइसकेका छन् । उपसभापति निर्वाचित हुनेमा रमेशचन्द्र झा र भरतचन्द्र गुरुङ रहेका छन् । उपसभापति पदबाट रेखा अधिकारीले उम्मेदवारी फिर्ता लिएकी थिइन् ।

त्यस्तै प्रत्यक्ष महिला सदस्य खुलातर्फ वडा नम्बर २ की गोमा तामाङ, वडा नम्बर ४की बिनुका लिम्बू, वडा नम्बर ५की रीता दाहाल सुवेदी, वडा नम्बर ६की सीतादेवी घिमिरे, वडा नम्बर ७की दुर्गामाया भट्टराई, वडा नम्बर ८ की पार्वती गुरागाँई, टीका थापा, वडा नम्बर ९की लीला शर्मा बेगम र वडा नम्बर १०की ललितादेवी न्यौपाने निर्विरोध निर्वाचित भएका छन् ।

प्रत्यक्ष सदस्य खुलातर्फ वडा नम्बर १का महाप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

# पूर्वी नाकामा कडाई यथावत

**लक्ष्मी उप्रेती**

**मेचीनगर, असोज १०।** हत्तारमा निर्णय गर्ने र कार्यान्वयनमा फितलो देखिने हाम्रो देशको परिपाटी नै हो । सरकारले असोज ५ गते कोभिड-१९का कारण बन्द भएका भारतसँग सीमा जोडिएका सबै नाका खुलाउने निर्णय गर्‍यो । तर, कार्यान्वयन पक्ष फितलो बनेका कारण सर्वसाधारणमा भने अझै अन्यौल कायम छ ।

सरकारको नाका खुलाउने निर्णयले औपचारिकता दिन ढिलाई भएका कारण झन समस्या देखिएको छ । नाका खुलाउने सरकारी निर्णयले औपचारिकता पाउन नसकेकै कारण काँकरभिट्टामा यसअघि आवतजावतमा गरिएको कडाइ यथावत रहेको व्यवसायीहरुको भनाइ छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले कोरोनाका कारण बन्द गरिएका सीमा नाका खुला गर्ने निर्णय गरेको थियो । भारतसँग सीमा जोडिएका सवै नाका अब खुल्ने निर्णय विभिन्न

(बाँकी अन्तिम पृष्ठमा)

## चुनावमा भाग नलिने विप्लव समूहको निर्णय

**झापा, असोज १५।** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आगामी संसदीय चुनावमा भाग नलिने निर्णय गरेको छ ।

तनहुँको बन्दीपुरमा सम्पन्न पार्टीको केन्द्रीय समिति बैठकले उक्त निर्णय गरेको हो । असोज १ देखि ५ गतेसम्म बसेको केन्द्रीय समिति बैठकले प्रगतिशील संयुक्त सरकार बनाएर जनमत संग्रहमा जाने निर्णय गरेको पार्टीले जनाएको छ ।

बैठकका निर्णय काठमाडौंमा पत्रकार सम्मेलन मार्फत जानकारी दिने नेताहरुले बताएका छन् । दलाल संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमत संग्रहमा जाने विषयलाई देशैभर बहसको रुपमा लगेर माहोल बनाइने नेकपाको तयारी छ । यदि, जनमत संग्रह गर्ने स्थिति नभएमा संसदीय चुनाव के गर्ने भन्ने विषयमा त्यतिबेलाको परिस्थिति हेरेर निर्णय गर्ने भएको छ ।

यस्तै यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न पहल गर्ने निर्णय समेत भएको नेताहरुले बताएका छन् । पार्टी स्थापना दिवसको उपलक्ष्यमा नेकपाले मंसीर ८ गते काठमाडौंमा बृहत् आमसभा गर्ने जनाएको छ । नेकपाले आगामी फागुनमा पार्टीको नवौं महाधिवेशन गर्ने निर्णय गरेको छ ।

## सेल्स अफिसरको आवश्यकता

होण्डा कारको आधिकारिक बिक्रेता इष्टर्न फाइब बिर्तामोड अफिसलाई एक जना सेल्स अफिसर (महिला)को आवश्यकता परेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तलबः सुविधा आपसी समझदारीमा तय गरिनेछ ।
**सम्पर्क : ९८४०८२३७२१**

## VACANCY ANNOUNCEMENT
## Hotel The Kingsbury
Birtamod 3, Jhapa

| Department : Housekeeping | |
|---|---|
| Requirement | |
| Executive Houskeeper | 1 |
| Housekeeping Supervisor | 2 |
| H/K Attendants Rooms/ Public Areas | 6 |
| Florist/ Horticulture | 1 |

| Department : Front Office | |
|---|---|
| Requirement | |
| Assistant Front Office Manager | 1 |
| Duty Manager | 3 |
| Reservation Asst. | 1 |
| Front Office Assistant | 6 |
| Bell Desk | 2 |

| Department : Food & Beverage Production | |
|---|---|
| Requirement | |
| Commis I | 2 |
| Commis II | 2 |
| Commis III | 1 |

| Department: Food & Beverage Service | |
|---|---|
| Requirement | |
| F&B Attendant | 5 |

| Department : Engineering | |
|---|---|
| Requirement | |
| Chief Engineer | 1 |
| Engineering Executive | 2 |
| Engineering Staff | 6 |

Interested candidates are requested to send their updated CV to hrd@hotelthekingsbury.com Final date for CV submission: 7thOctober 2021.

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि
**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**
नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

## कर्मचारी आवश्यकता

वी.एस. ट्रेडर्स (टी.भी.एस. शोरुम सुरुङ्गा) को लागि एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
पदः **एकाउन्टेन्ट** योग्यताः सम्बन्धित क्षेत्रमा दक्ष हुनुपर्नेछ ।
तलबः आपसी समझदारीमा तय गरिनेछ ।
**वी.एस. ट्रेडर्स (टी.भी.एस. शोरुम सुरुङ्गा)**
फोन नं. ९८१४९०३३३४, ०२३-५९०१९२)

# जन्मोत्सवमा पत्रकार उपचारकोषलाई सहयोग



**बिर्तामोड, असोज १०।** नेपाल पत्रकार महासंघ झापा शाखाकी कार्यसमिति सदस्य मनिषा चम्लागाँईले आफ्नो जन्मोत्सवको अवसर पारेर पत्रकार सहारा उपचार कोषलाई सात हजार सात सय ७७ रुपैयाँ प्रदान गरेकी छन् ।

जन्मोत्सवको अवसरमा आइतबार भएको कार्यक्रममा महासंघका उपाध्यक्ष केशव भट्टराईले पत्रकार उपचार कोषमा सहयोग गरेको भन्दै कार्यसमिति सदस्य चम्लागाँईलाई धन्यवाद दिए । चम्लागाँई कारोबार दैनिकमा आवद्ध छिन् । जन्मोत्सवको शुभ अवसरमा झापाली पत्रकारहरुको हितमा योगदान गर्न आफूले रकम प्रदान गरेको उनले बताइन् ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुर्‍याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु विरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ । कोषमा सहयोग जुट्ने क्रम जारी छ । आफूले झैं अरुले पनि जन्मोत्सव, विवाह उत्सव तथा पितृको स्मृति जस्ता सन्दर्भमा केही रकम योगदान गर्ने हो भने कोषलाई एक करोड रुपैयाँ बनाउन सहयोग पुग्ने पत्रकार चम्लागाँईले बताइन् ।

महासंघ झापा शाखाले संघ-संस्था, सहकारी, बैंक, दाता सबै क्षेत्रलाई एकपटक पत्रकारको दिगो हितका लागि स्थापना भएको उपचार कोषमा सहयोग गर्न आव्हान गरेको छ । जन्मोत्सव कार्यक्रममा पत्रकार महासंघ प्रदेश सदस्य सुरेन्द्र भण्डारी, महासंघ झापाकी महिला उपाध्यक्ष सुशीला संग्रौला, कोषाध्यक्ष रञ्जित प्रसाई, सह-सचिव अर्जुन राजवंशी, कार्यसमिति सदस्य रञ्जित परियार, पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकाल लगायतको सहभागिता रहेको थियो ।

## इजरालय जान १६०० जना सिफारिस

**झापा, असोज १०।** नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौता अनुसार इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा पठाउन एक हजार ६ सय जनाको नाम सार्वजनिक भएको छ ।

वैदेशिक रोजगार विभागले रोजगारीका लागि इजरालय जान लिइएको लिखित र अन्तरवाताका आधारमा उनीहरुलाई छनौट गरेको हो । नेपालस्थित इजरायली दूतावासबाट परराष्ट्र मन्त्रालयमार्फत एक हजार ६०० (७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष) उम्मेदवार सिफारिस गर्न माग गरेको थियो । परीक्षामा एक हजार ८०३ सहभागीमध्ये शैक्षिक योग्यता र तालिमको प्रमाणपत्र प्रमाणीकरण हुननसकेको संख्या घटाउँदा कायम भएका उम्मेदवारमध्येबाट अन्तरवाता र लिखित परीक्षा लिइएको थियो ।

लामो समयसम्म रोजगारीका लागि इजरायल जान रोकिएको भए पनि उसले नै दुई वर्ष पहिले दुई देशका सरकारबीचको सम्झौताबाट खुलाउने इच्छा देखाएको मन्त्रालयले जनाएको छ । विभागले लिएको लिखित परीक्षामा छ हजार ३ सय १७ सहभागीमध्ये दुई हजार ३९ उत्तीर्ण भएका थिए ।

विभागले यही असोज १ देखि ३ गतेसम्म उचाइ र तौलको परीक्षा लिएकोमा त्यो बीचमा छुटेका व्यक्तिलाई अन्तरवाता अवधिभरलाई अवसर दिएको थियो । सम्झौता अनुसार एक हजार जना इजरायल जाने मन्त्रालयले जनाएको छ ।

# सुनमाईमा 'गुलेली पिङ'



बिनोद पाण्डे

**चारपाने, असोज १०।** झापाको बुद्धशान्ति-७ सुनमाईमा सहासिक खेल गुलेली पिङको शुरुवात भएको छ ।

सहासिक खेल खेल्नकै लागि विदेश र पश्चिम नेपालका विभिन्न ठाउँमा पुग्ने पूर्वेली पर्यटक, युवाहरुको जोश हिम्मतलाई स्थानीय क्षेत्रमै खेलको माध्यमबाट मनोरञ्जन दिलाउने उद्देश्यले स्थानीय सुनील ढुंगानाले कान्छाकान्छी स्वीङ सञ्चालनमा ल्याएका हुन् ।

इण्डोनेशियामा प्रख्यात रहेको स्वीङ खेल पूर्वी नेपालमा आफूले पहिलोपटक सञ्चालनमा ल्याएको ढुंगानाले दावी गरेका छन् । केहीबर्ष अगाडि एक्सल बैंकमा काम गरेर त्यसपछि बैदेशिक रोजगारीमा गएर आएपछि आफ्नै देश र ठाउँमा रोजगारी सृजना गरेर अरुलाई पनि रोजगारी दिने संकल्पका साथ एक करोड रुपैयाँको लागतमा सो साहसिक खेल सञ्चालन गरेको ढुंगानाले बताए ।

टिमाई खोलाको भिरमा बनाइएको ६० फिट अग्लो पिङलाई उपकरणमार्फत तन्क्ताएर छोडेपछि उछिट्टिएर मच्चिने पिङ छोडने बेलामा ३ सेकेण्डसम्म हुने कहालीलाग्दो डर नै यो खेलको मुख्य आकर्षण हो । यो खेल मुटु दह्रो हुने १५देखि ६० बर्ष उमेरसम्मकाले खेल्न सक्ने छन् । एकपटकमा एक व्यक्तिले मात्र खेल्न सक्ने खेलका लागि सम्पूर्ण सुरक्षा मापदंण्ड पूरा गरिएको र १० लाखको विमा पनि सुरक्षित गरिएको सञ्चालक ढुंगानाले बताए ।

साहसिक खेलहरुमा प्याराग्लाइडिङ, जीपलाइन, बञ्जी लगायतका खेल खेल्न खर्चिलो हुने गरेको तर स्वीङ खेल सर्वशुलभ शुल्कमा खेल्न सकिने गरी कान्छाकान्छी स्वीङ कम्पनीले एक व्यक्तिका लागि हाललाई रु. ५ सय रुपैयाँ शुल्क तोकेको छ ।



# ४४ जना विद्यार्थीलाई टिफिन बक्स



**इलाम, असोज १०।** इलाम सूर्योदय नगरपालिका-१३स्थित ज्ञानद्वय प्राविका व्यवस्थापन समितिका अध्यक्ष इन्द्र तामाङले ४४ जना छात्रछात्रालाई घरबाट खाजा ल्याउन टिफिन बक्स (खाजा बोक्ने वट्टा) वितरण गरेका छन् ।

आफ्नो कान्छो भाइ छत्रबहादुर तामाङले अल्पायुमा ज्यान गुमाउनु परेकाले उनको सम्झनामा एक कार्यक्रमका बीच उक्त टिफिन बक्स विद्यार्थीलाई तामाङले उपलब्ध गराएका हुन् । कार्यक्रममा बोल्दै अध्यक्ष तामाङले भने - विद्यालयको भवन अत्यन्तै जीर्ण भएकाले त्यसको निर्माण कार्यमा आम अभिभावक वर्ग जुट्नुपर्ने आवश्यकता रहेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा पत्रकार महासंघ प्रदेश परिषद् सदस्य सागर गौतम, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष अमर तामाङ, सदस्य खड्कबहादुर तामाङ, चन्द्रकुमारी राई, पूर्णबहादुर राई, शिक्षक प्रतिनिधि टेकेन्द्र सञ्जेल, विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष चन्द्रमाया राई, बुद्धिमान तामाङ, डलमाया तामाङ, सन्तबहादुर राई, राजेन्द्र राई लगायतको उपस्थिति रहेको थियो । शिक्षक टेवेन्द्र सञ्जेल स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रध्यानध्यापक सन्दीप पौडेलले गरेका थिए ।

## श्रोत नखुलेको रकमसहित दुई जना पक्राउ

**झापा, असोज १०।** ईशनाथ नगरपालिका-२ औरैयास्थित मिठुअवा टोलबाट श्रोत नखुलेको नेपाली नगद चार लाख ५१ हजार रुपैयाँ र भारतीय १ हजार ८ सय ८६ रुपैयाँसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा ईशनाथ नगरपालिका-३ औरैया बस्ने २९ वर्षीय निरजकुमार साह र उनकै बुवा ७० वर्षीय रामचन्द्र राउत रहेका छन् । नेपालबाट भारततर्फ जाँदै गरेको बीआर ३० वाई ७२२२ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी औरैयाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त श्रोत नखुलेको नगदसहित फेला पारी पक्राउ गरेको हो ।

## तास खेलिरहेको अवस्थामा ९ जना पक्राउ

**खोटाङ, असोज १०।** कागेश्वरी मनोहरा नगरपालिका-१ ठूलाढिक डेरा गरी बस्ने खोटाङ खोटिह्याङ गाउँपालिका-८ घर भएका बीरेन तामाङको कोठामा तास खेलिरहेका अवस्थामा तामाङसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

तमाङले आफ्नै कोठामा जुवातास खेलाइरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी प्रभाग साँखुबाट खटिएको प्रहरीले उनीहरुलाई नगद १ लाख ७ हजार १ सय ५० रुपैयाँ र ३ बुक ताससहित फेला पारी पक्राउ गरेको हो ।

### ११ मा ...

पनेरु, वडा नम्बर २ का जनार्दन बजगाँई, चन्द्रप्रसाद फुँयल, वडा नम्बर ४का वीरेन्द्रकुमार लिम्बू, राजेन्द्र श्रेष्ठ, वडा नम्बर ५का नरेन्द्र कार्की, टोपराज खतिवडा, वडा नम्बर ६का महादेव मण्डल, यदुनन्दन साह रौनियार, वडा नम्बर ७ का सूर्यप्रसाद खतिवडा, रोहितप्रसाद खतिवडा, केशवप्रसाद कोइराला, द्वारिकाप्रसाद श्रेष्ठ, भानु राजवंशी, वडा नम्बर ८ का सुशील खतिवडा, रमेशकुमार पराजुली, वडा नम्बर ९का हेमप्रसाद चम्लागाँई, वीरेन्द्र मल्ल र वडा नम्बर १०का सविन जोगी, राजेन्द्रकुमार तुलाधर निर्विरोध निर्वाचित भएका छन् ।

समावेशी खस आर्य महिलामा सारिका भुर्तेल ढुङ्गाना, मनिषा घिमिरे र सरिता शर्मा, खस आर्य खुलातर्फ दिनेशकुमार राय, तेजप्रसाद पोखरेल, रामबहादुर राउत र सुशान्तकुमार राय, समावेशी आदिवासी जनजातिमा महिलातर्फ मुना कन्दङ्वा, ललिताकुमारी राजवंशी, आदिवासी जनजाति खुलातर्फ नुनकरणसिंह राजवंशी, रसत राजवंशी, तर्कराज राई, जयप्रकाश राजवंशी, मधेशी खुलातर्फ मुकेश मित्रुका र सिकेन्द्र यादव र मुस्लिम खुलातर्फ जाहिद हुसेन निर्विरोध निर्वाचित भएका छन् ।

उता शिवसताक्षीमा अशोक बस्नेत निर्वाचित भएका छन् ।

नगरको उपसभापति पदमा भूपालप्रसाद राजवंशी र सन्तकुमार फेउदेन निर्वाचित बने । सचिवमा रमेशकुमार राई र होमप्रसाद दुलाल निर्वाचित बने भने सहसचिवमा राजनारायण ताजपुरिया र सूर्यप्रसाद योङ्या निर्वाचित भएका छन् ।

### पूर्वी ...

सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि काँकरभिट्टा नाकामा मानिसको भीड बढ्न थाल्यो । नाका खुलाउने सरकारको निर्णय सुनेर नेपालबाट भारत जाने तथा भारतबाट नेपाल आउने सयौं मानिसहरु अहिले नाकाबाटै फर्कन बाध्य छन् ।

लामो समयदेखि नेपाल-भारत सीमा औपचारिक रूपमै बन्द रहँदा सीमाक्षेत्रको बासिन्दा उकुसमुकुस भइसकेका छन् । कोभिडका कारण आफ्नो व्यवसाय तहसनहस भइरहेको अवस्थामा सरकारको यो निर्णयले उनीहरुले केही राहत त महशुस गरे, तर मन्त्रिपरिषदले गरेको यो निर्णय ६ दिन बित्दा पनि कार्यान्वयनमा आउन सकेको छैन ।

सरकारको निर्णय एकातिर र गराई अर्कातिर भएका कारण सर्वसाधारण भने अन्यौलमा छन् । सरकारको निर्णय कार्यान्वयन नहुँदा सीमा क्षेत्रमा यसले अन्यौल सिर्जना गरेको नेपाल एशोसिएशन टुर एण्ड ट्राभल एजेण्ट्स नाटा १ नम्बर प्रदेशका अध्यक्ष उदयकुमार श्रेष्ठले बताए ।

झण्डै दुईवर्ष अघिदेखि बन्द भएको नेपाल प्रवेशको पूर्वीद्वार काँकरभिट्टा नाका सञ्चालनमा नआउँदा सर्वसाधारणहरू किनमेल गर्न भारतीय बजारसम्म जान पाएका छैनन् । भारतीय बजारमा दैनिक उपभोग्य सामानहरू नेपालभन्दा निक्कै सस्तोमा पाइने हुनाले दैनिक हजारौँ मानिस भारतीय बजारसम्म पुग्ने गर्दछन् । उपचार गर्न र अत्यावश्यक कामका लागि भारत जाने नेपाली नागरिकहरुलाई ७२ घण्टाअघि परीक्षण गरिएको पीसीआरको रिपोर्ट वा कोभिड १९बिरुद्धको दुवै मात्रा लगाएको खोपको प्रमाणपत्र र नेपाली नागरिक भएको पहिचान खुल्ने सरकारी कागजात अनिवार्य गरिएको छ ।

भन्सार नाका बन्द रहँदा भारतबाट नेपालतिर र नेपालबाट भारततिर आफन्त कहाँ बिहे, पूजा, व्रतबन्ध तथा अन्य पारिवारिक भेटघाटमा आउने भारतीयहरुलाई समेत समस्या भएको बताइएको छ । मन्त्रिपरिषद् बैठकको निर्णय कार्यान्वयनमा आए यो समस्या हल हुने सर्वसाधारणको बुझाइ छ ।

कोभिड १९को संक्रमण दर कम हुँदै गएपछि नेपाल सरकारले भारतसँग जोडिएका सबै सीमानाका खुलाउने निर्णय गरे पनि कार्यान्वयनमा नआएको कारण होटल व्यवसायीहरु पनि मारमा परेको क्षेत्रीय होटल व्यवसायी संघ मेचीनगरका अध्यक्ष सुरेशकुमार श्रेष्ठले बताए ।

कोभिड १९को पहिलो लहरबाटै बन्द भएको यो नाका यतिका दिनसम्म पूर्णरुपमा सञ्चालनमा नआएका कारण सीमा क्षेत्रका व्यवसायीहरु मारमा परेको भन्दै क्षेत्रीय होटल व्यवसायी संघ मेचीनगरको अगुवाईमा स्थानीयबासी तथा व्यवसायीहरूले प्रदर्शन नै गरेका थिए भने प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापन-पत्र पनि पठाएका थिए । नेपाल सरकार मन्त्री परिषद्को यो निर्णय तत्काल कार्यान्वयमा ल्याउन र नेपाल-भारत सीमा नाकालाई खुलाएर जनजीवन सामान्य बनाउन उनले सरकारसँग माग गरेका छन् ।

केही दिनअघि विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सबै सीमानाका खोल्ने भन्ने समाचार प्रकाशित भएपछि आम नागरिकमा अब नाका खुल्ने रहेछ भन्ने आशा पलाएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक सुनिल दाहाल बताउँछन् । यो समाचार आएपछि अहिले यस नाकाबाट आवतजावत गर्नेको प्रेसर रहेको र संख्या बढेको उनको भनाइ छ । तर, स्थानीय प्रशासनले सबै मानिसलाई भारततर्फ पठाउने गरेको छैन् । पत्रपत्रिकामा निर्णयको समाचार आए पनि अफिसियल रुपमा आफूहरुलाई कुनै लिखित तथा मौखिक जानकारी नआएका कारण सहज रुपमै आवतजावत गर्न नदिएको प्रमुख प्रहरी नायव उपरीक्षक दाहालले बताए । स्थानीय प्रशासन अहिले पनि माथिको आदेश पर्खेर बसेको छ ।


**जग्गा बिक्रीमा**

झापाको कन्काई नपा–४ कृषि मार्गस्थित ५० फुटे ग्राभेल भएको १०० धुर र पर्यटकीयस्थल जामुनबारी सिमसार जाने बाटोमा रहेको १० धुर जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८०८४५६५५१

**कर्मचारी आवश्यकता**

मेची अञ्चलको डिसहोम डिष्ट्रिब्यूटर एन्टेना ट्रेडर्स एण्ड टेक्नोलोजी सेन्टरका लागि बजार प्रतिनिधि चाहिएको हुँदा इच्छुकले तु– दरखास्त दिनुहोला ।

पद : बजार प्रतिनिधि — संख्या : ४ (महिला)
योग्यता : +२ वा सो सरह — तलब सुविधा : आपसी समझदारीमा
सम्पर्क मिति : २०७८।०६।१२ गतेभित्र
नोट : पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

सम्पर्क : एन्टेना ट्रेडर्स एण्ड टेक्नोलोजी सेन्टर
मनमोहन हस्पिटल उत्तर (सूर्योदय मिनी मार्केट भित्र)
फोन : ९८४९४२८१३४/०२३–५४६६९०/९८०१३८००७७

**राहदानी हरायो**

इलामको कोल्बुङबाट झापाको बुधवारे जाने क्रममा यही मिति २०७८।०५।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- चूडामणि राई
ठेगाना:- रोङ–३, इलाम
राहदानी नं.:- ०५७७१६७०
मोवाइल नं.: ९८१६९६४४७६

**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. १० बस्ने श्री बिमला भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ कि.नं. ७१९, ७१८, २९३३ — २) पश्चिमतर्फ कि.नं. ३१०८ सचिन गोले
३) उत्तर तर्फ कि.नं. २८८४ — ४) दक्षिणतर्फ बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा–६ | २९४८ | ०–१–० | २०७८।०५।१८ | २०७८।०६।०८ | २०७८।०६।१० |

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा**
**VARANNYA HEALTHCARE AT HOME**

तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !
के यो सम्भव छ ?
*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाईं सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

उपलबध हुने सेवाहरु
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड–१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईंहरुको सेवामा समर्पित
**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
बिर्तामोड–१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड–१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड–१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स–रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

## हतारले जोखिम नल्याओस्

**कोरोनाले थप क्षति नगरोस् भनेर स्वास्थ्यविद्हरूले खबरदारी गरिरहेका छन् । आज पनि यसको कहरले विश्व आक्रान्त छ । अझै धेरै देशहरूमा आवागमन सुचारू भएको छैन । सीमा नाका बन्द छन्, खोपको मात्रा पूरा गरेकाहरूलाई मात्रै आवागमनको अनुमति दिइएको छ । नेपालमै अहिलेसम्ममा साठी लाखभन्दा बढीले खोपको पूर्ण मात्रा लगाएका छन् । खोपको पहिलो मात्रा लगाउनेहरूको संख्या अझै धेरै छ र खोप कार्यक्रमलाई तीव्र पनि बनाइएको छ । स्वास्थ्य मन्त्रालय र जनस्वास्थ्यका विज्ञहरूले अहिले पनि भाइरसको तेस्रो लहर आउन सक्ने र त्यसले बालबालिका प्रभावित हुन सक्ने भन्दै उच्च साबधानी अपनाउन सचेत गराइरहेका छन् । तर, यहीबेला कतिपय पालिकाहरूले शिक्षण संस्था खोल्ने निर्णय गरेका छन् । स्थानीय सरकारको हतारको यो निर्णय घातक हुनसक्ने चिन्ताले अभिभावक अन्यौलग्रस्त बनेका छन् ।**

**यही समय झापाको दमकस्थित एक अस्पतालमा एघार महिने एक शिशुको दुःखद् निधन भयो । गत शुक्रबारको उक्त घटनापछि आक्रोशित आफन्तले अस्पतालमा तोडफोड गरे । शिशुको निधनको कारण कोरोना सङ्क्रमण भनिएको छ । अस्वस्थ शिशुलाई एन्टिजेन परीक्षणमा कोरोना पोजेटिभ देखिँदा पनि घर पठाएको र घर पुग्नासाथ थप जटिलता आएको परिवारले जनाएको छ । यो एउटा प्रतिनिधि घटना हो कि बालबालिकामा पनि सङ्क्रमण देखिन थालेको छ । उनीहरूमा रोगसँग लड्ने क्षमता कम हुने प्राकृतिक कारणले पनि यो समूह थप जोखिममा छ । त्यसमाथि सत्र वर्ष मुनिका बालबालिका र किशोर–किशोरीका लागि खोपको सुनिश्चितता भएकै छैन । यस्तो सङ्कटपूर्ण र सम्भावित जोखिमको आकलन गरेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चिकित्सकहरूले विद्यालय लगायतका भीडभाड हुने प्रतिष्ठानहरू तत्काल सुचारू नगर्न सचेत गराएको पनि हो । तर, विपद व्यवस्थापनको जिम्मा पाएकाहरूले दवाव झेल्न नसक्दा सबै निर्णयको अधिकार स्थानीय तहलाई दियो । जसका कारण बालबालिका जोखिममा पर्ने देखिएको छ ।**

**राजधानीका विद्यालयहरूलाई अन्य जिल्लासँग तुलना गर्न सकिँदैन । अझ ग्रामीण क्षेत्रका विद्यालयको अवस्था र भौतिक पूर्वाधारमा झन् ठूलो खाडल छ । अधिकांश विद्यालयले स्वास्थ्य सुरक्षाको मापदण्ड लागू गर्नै सक्दैनन्, न त स–साना बालबालिकामा त्यस सम्बन्धी चेतना नै हुन्छ । यस्तो परिस्थितिमा उपत्यकाकै अभिभावकले छोराछोरी विद्यालय पठाउन अस्वीकार गरेका छन् । तर, झापाका केही स्थानीय सरकारले भने आफ्ना क्षेत्रका विद्यालय खुलाउन निर्देशन दिएका छन् । सरकारद्वारा जारी विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा र मापदण्ड पूरा गरेर भौतिक उपस्थितिमा शिक्षण संस्था खुला गर्ने निर्णय परिवारका लागि घातक नबनोस् कम्तीमा अभिभावकले गम्भीर बन्नुपर्छ । प्रदेश १ मा अहिले पनि कोरोना सङ्क्रमण दर उच्च छ, त्यसमा पनि झापा अघि छ । मृत्युदर कम छ तर, अन्त्य भएको छैन । सरुवा रोग विशेषज्ञ डाक्टर सागर राजभण्डारीले सङ्क्रमण दर बढ्दै गएको भन्दै अहिले नै विद्यालय खोल्नु उपयुक्त नहुने बताएका छन् । त्यसैगरी राष्ट्रिय अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारीले पनि सङ्क्रमण नटरेको जनाउककदै स्थानीय सरकारलाई हतारको निर्णय नगर्न सचेत गराएका छन् । फेरि नेपालीको महान पर्व दशैं र तिहार पनि आँगनमै आइसकेको अवस्थामा विद्यालय खोल्नुको कुनै अर्थ छैन । आफ्नो बशमा नभएको विपदालाई चुनौति दिनुभन्दा परिस्थितिको गाम्भीर्य महशुस गर्नु बुद्धिमानी हुन्छ । यसतर्फ जिम्मेवार निकायको ध्यान जाओस् ।**

# विश्वप्रकाश शर्मा : राजनीतिमा नयाँ पुस्ताको आशा



**तीर्थराज खरेल**

२०२७ पुस ६ गते जन्मेका विश्वप्रकाश शर्मा यतिबेला नेपाली राजनीतिको सङ्कथनको केन्द्रमा छन् । २०४० सालमा धुलाबारी मावि झापाको नेपाल विद्यार्थी संघ इकाई सभापतिको रुपमा राजनीतिमा प्रवेश गरेका शर्मा २०४१ सालमा ९ कक्षामा पढ्दा प्रथम पटक प्रहरी गिरफ्तारीमा परेका थिए भने २०४७ सालमा नेविसंघ झापाको जिल्ला सभापति भएका थिए । २०४८ सालमा नेवि संघ केन्द्रीय सदस्य बनेर २०५३ सालमा नेवि संघ महामन्त्री बनेका थिए । २०५३ पुसमा नेवि संघ केन्द्रीय उपसभापति बनेका शर्माको उन्नतिको क्रम रोकिएन । २०५७ सालमा उनी नेविसंघको केन्द्रीय सभापति बने भने २०५७ सालमा नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि बनेका थिए । २०७२ सालमा नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित बनेका शर्मा २०७४ सालमा नेपाली कांग्रेस पार्टी प्रवक्ताको जिम्मेवारी पाएका थिए भने २०७६ सालमा नेकाको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख बने ।

सकारात्मक, लोक कल्याणकारी, तर्कयुक्त र वैज्ञानिक सोचका धनी शर्मा वाकपटु र वक्तृत्वकलामा सिपालु नेता मानिन्छन् । उनी नेपाली कांग्रेसका त्यस्ता नेपाली युवा राजनीतिज्ञ हुन् जोसँग टाउकोमा देश बनाउने चित्र छ भने हृदयमा नेपाली माटोको ममता छ । पछिल्लो पुस्ताका आशालाग्दा नेता शर्माको रगतमा मानवता सञ्चारित छ । एक प्रभावशाली युवा नेताको उज्ज्वल छबि बनाएका शर्मा कुनै ठूला नेताको कृपाले होइन, आफ्नै कार्यकुशलता र आम कांग्रेसी कार्यकर्ताको विश्वास, माया र भरोसाका कारण आजको उचाइमा पुगेका हुन् । उनी यतिबेला जिल्लाको राजनीतिबाट माथि उठेर केन्द्रीय राजनीतिलाई हस्तक्षेप गर्ने अवस्थामा पुगेका छन् ।

शर्माको लोकप्रियता र क्षमताका कारण उनीप्रतिको विश्वास र भरोसा निरन्तर बढ्दो छ । शर्माको संस्कार नेपाली राजनीतिक क्षेत्रमा अनुशरणीय छ । आफ्नै पार्टीमा मात्र होइन, विपक्षीसम्म उनको जीत र हारलाई सभ्यतापूर्वक र शालीनताका साथ स्वीकार्ने राजनीतिक संस्कार सदैव चर्चाको विषय बनेको छ । स्ववियु निर्वाचन होस् वा संसद् अथवा पार्टी राजनीतिमा पराजित हुँदा उनले देखाएको राजनीतिक संस्कार अझै पनि धेरैको स्मरणमा ताजै छ । उनले नेविसंघको नेतृत्वमा हुँदा देखाएको कौशलता पनि सम्झन लायक छ । २०५७ सालमा नेविसंघका केन्द्रीय सभापति बनेका उनी दुई वर्षे कार्यकालभन्दा एकदिन बढी पनि उक्त पदमा बसेनन् । महाधिवेशन गराएर शर्माले नयाँ नेतृत्वलाई नेविसंघ सुम्पिएका थिए । यो उनको लोकतान्त्रिक शैली हो । विद्यार्थी नेताका रूपमा मात्र होइन, पार्टी केन्द्रको प्रवक्ताको रुपमा पनि उनले आफ्नो क्षमता देखाइसकेका छन् । पार्टीलाई चलायमान बनाउन उनले गरेको मेहेनत अघिल्ला प्रवक्ताहरुको तुलनामा धेरै माथि छ ।

उनले अघिल्लो पुस्ताले निकै संघर्ष गरेर, रगत दिएर र जेलमा जीवन दिएर निर्माण गरेको यो संविधान र व्यवस्था ल्याइएकाले अबको संघर्ष आर्थिक क्रान्तिको लागि हुनुपर्ने उनको धारणा छ । त्यसैले राजनीतिकभन्दा पनि राजनीतिमा परिवर्तन आवश्यक रहेको उनको ठम्याई छ । उनी भन्छन्- 'राजनीतिमा परिवर्तन भएपछि देशका सबै परिवर्तनका ढोका खुल्छन् ।' वीपीको आदर्शलाई पछ्याउँदै उनी राजनीतिलाई सेवासँग गाँस्नुपर्ने मान्यता राख्छन् । तर, राजनीति सेवामुखी नहुँदा, राजनीति गर्नेहरू असहिष्णु बन्दा, राजनीतिक दुश्मनी कायम राख्दा र राजनीतिलाई गाउँमुखी नबनाउँदा आजको अविश्वासको अवस्था आएको उनको भनाइ छ ।

विश्वप्रकाश शर्माले १४औं महाधिवेशनका लागि प्रतिकात्मक रुपमा आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । उनले नेपाली कांग्रेसका संस्थापक नेता एवम् नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले अगभग ८ वर्षभन्दा बढी एकान्त जेल जीवन बिताएको सुन्दरीजलमा उम्मेदवारीको घाष्णा गरेका छन् भने गृहजिल्ला झापाको बिर्तामोड पुगेर उनले राजनीतिमा परिवर्तनका लागि २४ बुँदामा विचार सार्वजनिक गरेका छन् । उनले राजनीतिको छविमा पुनर्ताजगीको आकांक्षा राखेका छन् । राजनीतिलाई राजनीतिभित्रकाले र राजनीतिबाहिरकाले बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा सामञ्जस्यता खोज्न जरुरी छ । राजनीति बाहिर रहेकाको नजरबाट राजनीति र राजनीतिकर्मीको छविलाई नियाल्ने अनि सकारात्मक धारणालाई अभिवृद्धि गर्ने तथा नकारात्मक बुझाइका तथ्य जो छन्, तिनलाई अन्त्य गर्न आत्मालोचित हुने रूपान्तरणको सूत्र खोजी गर्न आवश्यक रहेको बताउँदै उनी भन्छन्- सबै बढौं, सँगै बढौं निश्चित गरिएको राजनीतिक बाटोमा ।

त्यस्तै उनी संविधान बनाउनेले संविधानप्रति इमान राख्नुपर्ने बताउँछन् । उनको विचारमा ऐतिहासिक आन्दोलन र संविधानसभाको वैधानिक प्रक्रिया मार्फत देशले आजको उपलब्धि हासिल गरेको हो । भिन्न दर्शन, भिन्न दल र भिन्न नेतृत्वको आपसका थुप्रै फरक मत थाँती राखेर विमतिबीच सहमतिको दस्तावेजको रूपमा आजको संविधान निर्माण गरिएको हो । यसप्रति साझा स्वामित्व र जिम्मेवार चरित्र तथा प्रवृत्तिको खोजी गर्न आवश्यक छ । संविधानप्रति विमति लोकतान्त्रिक हक तर संविधानसभाको वैधानिकता कदर साझा कर्तव्य रहेकोमा उनी जोड दिन्छन् । उनको विचारमा आजको अस्तव्यस्तताका लागि राजनीतिक व्यवस्था नभएर अव्यवस्था जिम्मेवार रहेको भनाइ छ । व्यवस्थाभित्रको अव्यवस्था अन्त्य गरेर यसप्रति जनताको आशालाई विश्वासमा बदल्नुपर्छ भन्ने उनको सोच छ ।

उनी दलगत आग्रहभन्दा माथि उठेर साझा राष्ट्रिय दृष्टि निर्माण गर्नुपर्ने विषयमा जोड दिन्छन् । उनको विचारमा परराष्ट्र नीति सबैको साझा दृष्टिको प्रश्न हुनुपर्छ । देशको सम्मान, स्वाभिमान र समृद्धिसँग सोझै सरोकार राख्ने परराष्ट्र नीति व्यक्तिका बुझाइ या दल विशेषको आग्रहभन्दा माथि देशको हुनुपर्छ, बनाइनुपर्छ । उनको विचारमा नीतिगत सुनिश्चितता देशको समृद्धिका लागि अनिवार्य आवश्यकता हो । संसदीय निर्वाचनको अभियान खर्चिलो र कामचलाउ पारदर्शी मात्र भएको यथार्थलाई आत्मचिन्तन गर्दै मितव्ययी नीति र विधिको निर्माणले राजनीतिमा बढ्दो विकृतिलाई नियन्त्रण गर्न सघाउ पुऱ्याउँछ । सहिष्णुता र सुसंस्कृत राजनीतिको मूलमन्त्र हो । उनी भन्छन्- 'सहिष्णुताको प्रश्न व्यक्तिको लोकतान्त्रिक चरित्र परीक्षण गर्ने एक विधि हो ।'

राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्नेमा जोड दिने शर्मा प्रश्नलाई प्रोत्साहित गर्ने र जवाफमा जिम्मेवार बन्ने सूत्रलाई आत्मसात गर्छन् । उनले पार्टीभित्रको प्रतिस्पर्धा होस् या बाहिरकासँग, लोकतान्त्रिक प्रक्रिया अंगिकार गर्नुपर्नेमा उनको जोड छ । उनको सोचमा सुशासन, पारदर्शिता र सदाचार परिवर्तित राजनीतिको मूल संस्कार हुनुपर्छ । उनी राजनीतिप्रति नागरिक वितृष्णाको एक मुख्य कारण सर्वत्र व्याप्त भ्रष्टाचार भएको मान्छन् । उनी विचारमा अब शासकीय प्रणालीको होइन, शासन संस्कार पद्धतिको बहस हुनुपर्नेमा जोड दिन्छन् । राजनीति, राजनीतिज्ञ या राज्यप्रति सञ्चारमाध्यम या कहींबाट पनि उठ्ने सकारात्मक या नकारात्मक कस्तै प्रश्नलाई पनि प्रथमतः प्रश्नकर्ताको लोकतान्त्रिक अधिकारका रूपमा लिइनुपर्छ भन्ने उनको धारणा छ । लोकतन्त्र र राष्ट्रको लागि लामो समय संघर्षमा सहभागी अग्रज र आदर्श राजनीतिक व्यक्तित्वहरूको सामाजिक सम्मान र कदर गर्ने संस्कृतिले राजनीतिप्रति नागरिक आकर्षण बढाउन बल पुऱ्याउँछ । शर्माको विचारमा राजनीतिमा संलग्न नरहेका, तर विषयगत सुयोग्यता राख्ने कुशल कालीगढी मस्तिष्क भएकाहरूलाई सँगै लिएर अगाडि बढ्दा राजनीतिप्रति आकर्षण बढ्छ र राष्ट्र निर्माणप्रति विश्वास अभिवृद्धि हुन्छ ।



हरेक तहको राजनीतिक नेतृत्व र सदस्यलाई आर्थिक रूपले आत्मनिर्भर बन्ने प्रेरणा र बनाउने अभियानले राजनीतिक व्यक्तिलाई स्वावलम्बी बनाउँछ भने समग्र राजनीतिलाई स्वच्छ र सदाचारयुक्त मैदान बनाउन योगदान पुऱ्याउँछ भन्ने उनको धारणा छ । देशमा केही पनि भएको छैन भन्दा पनि देशमा केही भएको छ, धेरै गर्न बाँकी छ भन्ने भावना जनजनको मनमा दृढ ढंगले विकसित गर्न जरुरी छ । महत्वपूर्ण राजनीतिक परिवर्तनहरूले देशलाई उज्यालो भविष्यतर्फ अग्रसर हुन मार्गप्रशस्त गरिसकेको छ भने अस्थिरता र हिंसात्मक द्वन्द्वको बीच पनि देखिने गरी आर्थिक र भौतिक प्रगतिका केही कार्य देशमा भएका छन् । संसारमा जतिसुकै सुन्दर राजनीतिक प्रणाली किन नहोस्, जनताको हित र देशको प्रगति प्रणाली मात्रैमा होइन, त्यसका सञ्चालकको प्रवृत्तिमा बढी निर्भर हुन्छ ।

उनका विचार यति सुन्दर भए पनि झापामा उनको प्रशंसा मात्र छैन । उनका कटु आलोचक पनि छन् । यस्तो लाग्छ- उनी सामाजिक सञ्जालको ट्रोलमा परेर सिद्धिने पो हुन् कि ? झापामा उनलाई गुट र उपगुटको गोलचक्करमा रमाएको भनेर आलोचना गरिँदैछ । सार्वजनिक खपत र पद प्राप्तिको व्यक्तिगत फाइदाका लागि काम गरेको उनीमाथि कांग्रेसी कै आरोप छ । दिनको घाम जत्तिकै सत्य के हो भने नेपाली कांग्रेसभित्र गुट-उपगुट छन् । तर, जुनसुकै बहानामा पनि चेतनाको घाम झुल्कने झापाली माटोबाट उठेको राष्ट्रिय प्रतिभालाई केन्द्रीय राजनीतिको शीर्षासनमा पुऱ्याउन गुटउपगुटबाट मुक्त भएर साथसहयोग गर्नु झापालीका लागि आवश्यक छ, तर सन्देह यसमा छ कि कतै शर्माका सम्बन्धमा झापाली वीचमै मतैक्यता नहोला कि ? यसै कारणले कष्टसाध्य जन्म लिएको एक प्रतिभाको विपक्षमा झापाली आवाज मुखरित हुने त होइन ? बुझ्नुपर्ने कुरा के हो भने विश्वप्रकाश शर्मासँग आफ्नो मिहिनेत र सार्वजनिक साखबाहेक अर्को कुनै वंश-विरासत छैन, भुइँबाट उठेको र भुइँमान्छेसँगै रमाउने प्रेम, स्नेह र विवेकको संगमका रुपमा शर्माले पार्टी प्रवक्ताको पदबाट अवकाश हुने गरी कांग्रेस राजनीतिमा आएको होइन बताएका छन् ।

शर्मा भन्छन्- को, के बन्ने ? प्रश्न यो मात्रै होइन, वीपी संस्कारको जगमा बदल्नुछ, देश र कांग्रेस । उनले नारा दिए-हिजो राजनीतिक परिवर्तन, अब राजनीतिमा परिवर्तन ! नेपाली कांग्रेसको घटिरहेको साख जोगाउन र राष्ट्र र राष्ट्रियताको संरक्षणका लागि उनले आफ्नो उम्मेदवारी अति आवश्यक रहेको बताएका छन् । असल राजनीति र नेतृत्वको परिभाषा दिँदै उनी भन्छन्- देशको मुहार बदल्नु छ त राजनीतिको मुहार बदलिनु पर्छ । प्रभावशाली युवा पुस्ताका नेता शर्मा सानै उमेरदेखि राजनीतिमा चाख राख्थे र उनी राजनीति साथसाथै टेलिभिजनमा कार्यक्रम प्रस्तोता बनेका छन् । असल गीतकार, संगीतकार र गायक समेत रहेका बहुमुखी प्रतिभाका धनी शर्मा झापालीका लागि गौरव हुन् ।

वास्तवमा राजनीतिको मुहार बदल्ने अभियानले तागत प्राप्त गर्छ । भविष्य बोकेको जाँगरिलो युवाहरुको सार्थक हस्तक्षेपले नेपाली कांग्रेस थप समृद्ध हुन्छ । यही सार्थक बदलावका लागि शर्माको उम्मेदवारी परेको छ । आशा गर्न सकिन्छ- विश्वप्रकाशले आफ्ना कार्यकर्ताका आलोचनालाई सुन्नेछन् र झापाली लगायत आम महाधिवेशन प्रतिनिधिहरुले पनि उनलाई विजय र सफलताको भरोसा दिनेछन् । नवीन कांग्रेसका लागि नवीन सोच र अग्रगामी दृष्टिकोणसहितको नवीन पुस्ताको नेतृत्व आजको खाँचो हो ।

*tirthakharel2028@gmail.com*

## मिस झापा २०२१ को पहिलो चरणको अडिसन




**बिर्तामोड, असोज १०।** वीरता जेसीजको आयोजनामा हुन लागेको मिस झापा २०२१ मा सहभागी हुने किशोरीको पहिलो चरणको अडिसन सकिएको छ ।

बिर्तामोडको होटल द किंग्सबेरीमा भएको अडिसनमा जिल्लाका विभिन्न क्षेत्रका किशोरीहरु सहभागी रहेको महासचिव एलसी श्रेष्ठले जानकारी दिए । नारीहरुमा अन्तरनिहित प्रतिभा उजागर गर्ने, आत्मविश्वास र सक्षम बनाउने उद्देश्यका साथ मिस झापा आयोजना गरिएको अध्यक्ष राजीव धिमालले बताए ।

प्रतियोगितामा कक्षा १२ अध्ययनरत् र सो भन्दा माथिका महिलाको सहभागिता गराइने छ । १८ वर्षदेखि २५ वर्ष उमेर समूहका झापाका किशारीहरुले प्रतियोगितामा भाग लिन पाउने श्रेष्ठले जानकारी दिए । सन् २०१४ देखि शुरु गरेको मिस झापाको संयोजन बिर्ता मिडिया प्रालिले गर्दै आएको छ । यसपटकको विजेताले स्कुटर पाउनुका साथै मिस नेपालमा सहभागी हुने अवसर प्राप्त गर्नेछ ।

दोस्रो चरणको अडिसन आगामी शनिबार सोही स्थानमा हुनेछ धिमालले बताए । अडिसनको निर्णायकमा कोरियोग्राफर स्वेता कालाखेती, सञ्चारमर्की हिमाल खरेल, जेसिजका तर्फबाट प्रविण खड्का र फेसन डिजाइनर विवश राई रहेका थिए ।

## दमकमा एकीकृत समाजवादीको कमिटी

**दमक, असोज १०।** दमकमा नेकपा (एकीकृत समाजवादी) दमक नगर कमिटी घोषणा तथा सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ ।

एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा दमक नगरका पूर्व प्रमुख इन्द्रबहादुर बुढाथोकीको प्रमुख आतिथ्यमा दमक नगर कमिटी घोषणा तथा सपथ ग्रहण भएको हो । नगर कमिटीको अध्यक्षमा महेश घिमिरे, उपाध्यक्षमा सुमन कार्की, हमला सिटौला, बिराट जबेगु लिम्बू छन् । सचिवमा निर्मल लामिछाने, सहसचिवमा रोशन भण्डारी रहेका छन् ।

त्यस्तै, सदस्यहरुमा चन्द्र थापा, राजु भट्टराई, युवराज दुलाल, तारादेबी धिमाल, गोमादेवी कटुवाल, किरण भट्टराई, उमेश बुढाथोकी, कमला श्रेष्ठ, प्रेम भुजेल, जीवन सेढाई, युवराज घिमिरे, कमला बोहोरा, मनकुमार दर्नाल, जुलन गजमेर, प्रेम नेपाल, मदन गुरुङ, खगेन्द्र नेपाल, उमेश चौलागाई, प्रवल भण्डारी, छत्र बस्नेत, कमल न्यौपाने, हुन रसाइली, मित्र इगनाम र नरेश भण्डारी छन् ।

नगर कमिटी घोषणा तथा सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथी बुढाथोकीले एकीकृत समाजवादीमा जनताको आशा र भरोसा रहेको बताए । उनले नेपालमा कम्युनिष्ट आन्दोलनलाई नयाँ उचाईमा अघि बढाउन एकीकृत समाजवादीले मात्रै सक्ने भएकोले पार्टी कार्यकर्तालाई आ-आफ्नो स्थानमा इमान्दारीका साथ काम गर्ने बताए ।

उनले ओलीको गृह नगरबाटै पहिलो पटक झापामा नगर कमिटी गठन भएको बताए । दमकमा एकीकृत समाजवादी मात्रै होइन, बिद्यार्थी, किसान, महिला, मजदुर, पत्रकार लगायतको संगठन निर्माणका कार्यहरु तीव्रगतिमा बढाइने नेता बुढाथोकीले बताए ।

त्यस्तै, कार्यक्रममा पार्टी जिल्ला कमिटी अध्यक्ष बेदराज रेग्मीले नवगठित दमक नगर कमिटीका पदाधिकारी र सदस्यहरुलाई सपथ ग्रहण गराएका थिए । सपथ ग्रहण कार्यक्रममा अध्यक्ष रेग्मीले पार्टीको जिम्मेवारीमा लाग्न निर्देशन समेत दिए ।

कार्यक्रममा नेपाल प्रहरीका पूर्व एसएसपी भरतबाबु कार्की, पार्टी जिल्ला कमिटी सदस्य नन्दलाल ताजपुरिया, प्रदेश कमिटी सदस्य राजेन्द्र दाहाल, लोकबन्दु कन्दङ्बा, टीका प्रसाई लगायतले शुभकामना दिएका थिए ।

## 'अनि देउराली रुन्छ' मञ्चन



**पथरीशनिश्चरे, असोज १०।** मोरङको पथरीशनिश्चरे नगरपालिका क्षेत्रभित्रको कला र संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले तिहार लगत्तै नाटक मञ्चन गरिने भएको छ ।

वडा नं. १ स्थित मनोहर पार्कमा शब्द थिएटरको दोस्रो जन्मोत्सवको अवसरमा मनबहादुर मुखियाद्वारा लिखित 'अनि देउराली रुन्छ' सामाजिक नाटक मञ्चन हुने जानकारी दिइएको हो ।

तिहार लगत्तैपछि मञ्चन हुने उक्त नाटकका निर्देशक जीवन बराल रहने छन् । प्रमुख अतिथि रहेका कला साहित्य प्रवर्द्धन समिति अध्यक्ष अमिर राईले पथरीशनिश्चरे क्षेत्रमा नाट्य विधा आएको र आफूलाई ज्यादै खुशी लागेको बताउँदै मञ्चनको तयारीमा रहेको नाटकलाई सक्दो सहयोग गर्न सबैसँग आग्रह गरे ।

नाटकमा सरोज तिम्सिना, छत्र राई, सुदीपजंग कार्की, विमला पोखरेल, सदिच्छा अधिकारी, मेनुका कुलुङ राई, सुमन कुइँकेल, प्रेम खतिवडा, देव गुरुङ, यशोदा श्रेष्ठ, मनोज तिम्सिना, पर्शुराम न्यौपाने, सन्दिप पोखरेल, नवीन गुरुङ, विक्रम बस्नेत, प्रतिमा पोखरेल लगायत स्थानीय दर्जनौं कालाकारहरुको महत्वपूर्ण अभियन रहने शब्द थिएटरका सचिव तथा कला प्रवर्द्धन समिति सचिव सरोज तिम्सिनाले बताएका छन् ।

स्थानीय कला र प्रतिभाले धनी पथरीशनिश्चरेमा यो संघीय राजधानी विराटनगरपछिको दोस्रो ठूलो महोत्सव हुने छ । स्थानीय प्रतिभाको विकासमा ठूलो टेवा पुग्ने समेत विश्वास लिइएको मनोहर पार्कका सञ्चालक टीकाराम राई बताए ।

# मेचीनगरमा सयभन्दा बढी एमालेमा प्रवेश



**मेचीनगर, असोज १०।** मेचीनगरमा नेकपा माओवादी केन्द्र पार्टी परित्याग गरी आइतबार ३२ घर परिवारका करिब एक सयभन्दा बढी नेता कार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका छन्।

सबै मेचीनगरको वडा नम्बर ७ का स्थायी बासिन्दा हुन्। यसले मेचीनगरको वडा नम्बर ७ मा माओवादी केन्द्रलाई निक्कै ठूलो धक्का पुगेको छ। गत स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रको तर्फबाट वडा नम्बर ७ का वडाध्यक्षका उम्मेद्वार बनेका पुनलाल राजवंशीको नेतृत्वमा उनीहरु नेकपा एमाले प्रवेश गरेका हुन्। राजवंशी नेकपा माओवादी केन्द्रका निकै लोकप्रिय नेता हुन्। आदिवासी समुदायमा नेता राजवंशी निक्कै चर्चित हुनुहुन्छ।

पार्टीका लोकप्रिय र चर्चित आदिवासी नेता राजवंशीले नेकपा माओवादी केन्द्र परित्याग गरेका कारण मेचीनगरको ७ नम्बर वडामा पार्टीलाई ठूलो क्षति भएको स्वयम् माओवादी केन्द्रका नेताको भनाई छ।

नेकपा एमाले प्रवेश गरेका सबैलाई नेकपा एमाले पार्टी जिल्ला सचिवलाय सदस्य तथा १ नम्बर प्रदेश सभा सदस्य गोपालचन्द्र बुढाथोकी, सचिवालय सदस्य एवम् मेचीनगरकी उपप्रमुख मीना पोखरेल उप्रेती, जिल्ला कमिटी सदस्य एवम् १ नम्बर प्रदेश सभा सदस्य श्रीप्रसाद मैनालीले पार्टी प्रवेश गराएका हुन्।

नगर कमिटी अध्यक्ष खेमराज (राजु) पोखरेलको सभापतित्वमा भएको पार्टी प्रवेश कार्यक्रमम पुनलाल राजवंशीसहित नरेश, शुक्रु, बृषलाल, ओसीलाल, गिरस, टीकराम (ठूलो), सिवेला, विश्वनाथ, प्रकाश, पुष्पलाल, प्रकाश (सानो) टिकाराम, लोलनी, शशी, कालीमान, कैलाश, बृक्षलाल, तपन, गोकुल (ठूलो), प्रल्हाद, उसुनी, सुनिल, भूमिसुधार, गोकुल (सानो) हरिपद, हेदलु राजवंशीको परिवारको नेकपा एमाले प्रवेश गरेको हो। नगर सचिव कृष्ण कनालले सञ्चालन गरेको कार्यक्रममा सहभागी सबलाई एमाले नेता भूपाल ओलीले स्वागत गरेका थिए।

# विद्यालयको भवन जीर्ण



**इलाम, असोज १०।** ४१ वर्ष पहिले सर्वसाधारणले श्रमदानबाट निर्माण गरेको सूर्योदय नगरपालिका-१३ खानी भञ्जाङस्थित ज्ञानद्वय प्रावि जीर्ण बनेको छ।

सरोकारवाला निकायले विद्यालयको भवन निर्माणमा ध्यान नदिँदा विद्यालय पढाउने थलोको रुपमा नभई धरापको रुपमा परिणत भएको स्थानीयबासी बताउँछन्। २०७२ साल बैशाख १२ गते गएको भूकम्पको कारण विद्यालयको अवस्था नाजुक भएको स्थानीयबासीको भनाइ छ। चार शिक्षक कार्यरत् विद्यालयमा ४४ विद्यार्थी अध्ययनरत् छन्।

वर्षायाममा विद्यालय भत्कने डरले कक्षा कोठामा पढाउने अवस्था नहुँदा खुल्ला आकाशमा पठनपाठन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इन्द्र तामाङले बताए। 'भूकम्पपछि पनि अरु विद्यालय सुविधा सम्पन्न बनिसकेका छन्, तर हाम्रोमा लाइब्रेरी र प्रयोगशाला सम्म छैन' -उनले भने।

विद्यालयको अवस्था दयनीय भएपछि विद्यार्थी पढ्न छाडेर अन्यत्र विद्यालयमा जाने गरेको स्थानीयबासीले बताए। पानी आए बाहिर पढ्न सकिँदैन, कक्षा कोठामा गए विद्यालय भत्किएर मृत्यु हुने डर रहेको तामाङले बताए।

चारकोठे जीर्ण भवनभित्र काम गर्नुपर्दा हैरान भएको अध्यक्ष तामाङले बताए। आफ्ना बुबा लालबहादुर तामाङले १२ रोपनी र कुलबहादुर तामाङले तीन रोपनी जग्गा प्रदान गरी स्थापना भएको विद्यालय अहिले जीर्ण अवस्थामा पुगेको बताए।

सूर्योदय नगरपालिकाका-१३ वडा अध्यक्ष डि. बी. राईले भवन निर्माण गर्ने आवश्यक रहेको र त्यसका लागि आफूले पहल गरिरहेको बताए।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



## मुसाहाङ समाजको साधारण सभा सम्बन्धी सूचना

यस मुसाहाङ् समाजको १७औं केन्द्रीय वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले केन्द्रीय मातहतका जिल्ला शाखा/उप-शाखा समितिको साधारण/आजीवन सदस्य लगायत सम्पूर्ण मुसाहाङ् दाजुभाइ तथा दिदीबहिनी एवम् शुभेच्छुकहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ। यदि कुनै कारण बस पत्र प्राप्त नभए वा जानकारी नभएको भए यसै सूचनालाई आधारमानी सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**

मिति :- २०७८ असोज १२ गते मंगलबार
समय :- बिहानको १०:०० बजे
स्थान :- मिक्लाजङ गाउँपालिका-७ मधुमल्ला बजार, मोरङ

**बिषयहरु**

१. कार्य समितिको तर्फबाट महासचिवको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित।
२. केन्द्रीय कार्यालय सार्ने सम्बन्धी छलफल तथा पारित।
३. विविध।

थप जानकारीका लागि

डिल्लीश्वर मुसाहाङ् अम्याङ्सा, महासचिव
विष्णुराज मुसाहाङ् लिम्बू, अध्यक्ष

मुसाहाङ समाज केन्द्रीय समिति, लिम्बुवान
फोन:- ९८१७३०४०८०/९८४२२१७९२६



## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।


स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२



## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र सुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००



## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दु २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)



## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६



## कर्मचारी तु-आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनी बिर्तामोडमा केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला।
पद: कार्यालय सहायक
संख्या: ६ जना (महिला/पुरुष)
योग्यता: +२ वा सो सरह
तलब: १३,६०० सम्म

सम्पर्क: G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोट: सञ्चयकोष। यातायात। दशैं बोनसको व्यवस्था रहेको छ।



## दुबईको नं. १ कम्पनीमा १० दिनमा वेटर, फ्याक्ट्री हेल्पर, क्लीनरमा दुबई पुग्ने सुवर्ण अवसर, त्यो पनि अन्तरवार्ता बिना नै



UAE मा नेपाली लाईसेन्स भएका TAXI DRIVER हरुलाई रोजगारको अवसर

| | कामदारको पद | तलब | खाना/बस्न | काम |
|---|---|---|---|---|
| १. | Waiter | 1000/- DHS | छ | ८ घण्टा २६ दिन |
| २. | Cleaner | 800/- DHS | छ | ८ घण्टा २६ दिन |
| ३. | Factory helper | 900/- DHS+4hrs OT | छ | ८ घण्टा २६ दिन |

Company: Cars Taxi LLC, UAE
पूर्व स्वीकृति मितिः २०७६/११/०२ चलानी नं.६०१५१७४३ LT No. : 233095

नेपाली लाईसेन्स भएकाहरूलाई UAE को लाईसेन्स ग्यारेन्टी गरिन्छ।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | [illegible] | 1500 | ४६,७२५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

नोट: १. उमेरको हकमा २३ देखि ४५ बर्ष सम्मको हुनुपर्ने छ [redacted] अन्तरवार्ता
२. Driver हरुले कम्तिमा मासिक AED 4000/- देखि [redacted] माधम
AED 5000/- सम्म कमाउन सक्नेछन। [redacted] हेको छ।

ड्राइभरको फाइनल अन्तरवार्ता असोज १३ गते बुधब [redacted] ड हुनेछ।

ह्वाइट पर्ल रिक्रुटमेन्ट स [redacted] ले.
सुकेधारा-४, धुम्बाराही, काठमाण्डौं, [redacted]
Govt Lic.No. 92/053/54
बिर्तामोड: ९८५२६७४४३५, ९८०८०७ [redacted]



## UAE मा Taxi Driver हरुलाई रोजगार

Emirates Taxi



पूर्व स्वीकृति मितिः २०७८/०५/३१
चलानी नं. ६०१६३१८२
LT No.:245931

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | काममा दक्ष | 1500 | ४८,०७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Driver हरुले कम्तिमा AED 3500 देखि 4000 भन्दा माथी कमाउन सकिनेछ।
नेपाली, UAE र GCC License भएकाहरुले सम्पर्क गर्नुहोला। उमेरः २३-४५ बर्ष सम्म

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७८ असोज १०, ११, १२, १५, १६, १७, १८, १९, २०, २१ र २२ गते (Sept. 26, 27, 28, Oct. 1, 2, 3, 4, 5, 6, 7 & 8, 2021) यस प्रा. लि. को कार्यालय, सामाखुसी मा।
तामा रेष्टुरेन्ट विर्तामोड झापामा असोज १३ र १४ गते (Sept. 29 & 30) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट [redacted] कारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउन होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम ग [redacted] को नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख [redacted] कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा [redacted] बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठ [redacted]। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

FORE [redacted] UMAN RESOURCE SOLUTION PVT. LTD. Govt. Lic: 1411/074/75
Tokha R [redacted] Samakhushi, Ktm., Tel : 01-4953298, 4954685
[redacted] od, Contact: 9824022601, 9801445553

फर्म भर्ने मिति: [redacted] ोज ४ गतेदेखि १२ गतेसम्म मात्र। सबै देशको लाइसेन्स मान्यता रहनेछ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०७८४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्ने छन्। व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - पहिलेको सफलताले हौसला जगाउनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - फाइदाको स्रोत पहिचान गर्न सकिनेछ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुने छन्।

**कर्कट (हि, हु, हे, हो, डा** [redacted]
पुराना कामको चर्चा हुनेछ [redacted] को
स्रोत प्राप्त हुनेछ। तर, अ [redacted] र्दा
पछि परिनेछ।
**सिंह (मा, मि, मु, मे, मो,** [redacted]
सामाजिक उत्तरदायित्व प्र [redacted]
गर्नमा बाधा हुनेछ। अवस [redacted]
फाइदा उठाउने चेष्टा गर्न [redacted]
**कन्या (टो, प, पि, पु, ष,** [redacted]
मेहनत गर्दा चुनौती चिर्दै [redacted]
बलभन्दा बुद्धिको उपयोग [redacted] अवसर आउला।

**तुला (र, रि, रु, रे,** [redacted] **तु, ते)** -
समय चुनौतीपूर्ण दे [redacted] मान्य काम र
जिम्मेवारी हात पार्ने [redacted] लगनशीलताले अवसर
दिलाउन सक्छ।
**बृश्चिक (तो, ना,** [redacted] **या, यि, यु)** -
श्रम परे पनि तारिफ [redacted] र्दै अरूको उपकार
गर्न सकिनेछ। धर्म [redacted] मूलक काममा प्रवृत्त
भइनेछ।
**धनु (ये, यो, भ, भि** [redacted] **ढ, भे)** -
आजको मेहनतले भ [redacted] र प्रतिष्ठा दिलाउन सक्छ। तर, ढिलासुस्ती गर्दा वा आँटले काम लिन नसक्दा पछि परिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - आवश्यक गर्दा कर्जामार्फत धन प्राप्त हुनेछ। पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ। जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।